# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शंकरपुर, कन्चनपुर प्रदेश नं.७

## शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५।०१।०६**

यस लालझाडी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कालागी आ.व.२०७४।०७५ को स्विकृत बार्षिक कार्यक्रम मध्येको ठेक्काबाट घटी आएको रकम तथा गाउ कार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिमका कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकाले नेपाल सरकारवाट ईजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, करचुक्ता प्रमाण पत्र (२०७३।०७४) र कालो सुचिमा नरहेको स्वघोषणा पत्र संलग्न राखी आधिकारिक निर्माण व्यवसायीबाट तपशिल शर्तहरुको अधीनमा रही मिति २०७५।०१।२० गते भित्र रितपुर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**दरभाउपत्रका शर्तहरु**

१. दरभाउपत्र सम्वन्धि कागजातहरु **मिति २०७५।०१।०६** गते देखी मिति २०७५।०१।२० गते कार्यालय समय भित्र यस कार्यालयवाट फाराम दस्तुर **रु.१०००।०० (पछी फिर्ता नहुने गरी** ) तिरी खरिद गर्न सकिनेछ।

२.खरिद गरेको दरभाउपत्र मिति २०७५।०१।२१ को दिनको १२.०० बजे सम्म छुट्टा छुट्टै दरभाउपत्रको छुट्टा छुट्टै सिलवन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २.००वजे खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थीत नभएपनि दरभाउपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन।

३.जमानत वापत लालझाडी गाउँपालिकाको राष्ट्रिय वाणिज्य बैंक महेन्द्रनगर शाखामा रहेको **धरौटी खाता नं. ४१८०३०३००७११०** मा देहाय बमोजिम तोकीएको जमानत रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट **कम्तीमा ७५ दिन** म्याद भएको मान्यता प्राप्त वाणिज्य वैंकवाट यस गाउँपालिकाको नाउमा जारि भएको बैंक जमानत दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४.रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनु पर्नेछ।

५.दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु क्रमश: लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

६. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर वाहेक) सम्वन्धीत दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ।

७.नेपाल सरकारको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८.दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहीर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, मोबाइल नं. र छाप लागेको हुनुपर्ने, दरभाउपत्रको प्रत्येक पानामा विवरण स्पस्ट संग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा दस्तखत र सही छाप गरेको हुनु पर्नेछ।

९.सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन) तथा सार्वजनिक खरिद नियमावली २०६४ (पाँचौ संसोधन) अनुसार हुनेछ।

१०. दरभाउपत्र सम्वन्धमा अन्य कुराहरु वुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी वुझ्न सकिनेछ।

**दरभाउपत्र सम्वन्धी कार्यको विवरण**

| ठे.न. | कामको विवरण | लागत अनुमान (मु.अ.कर वाहेक) रु. | जमानत रकम रु |
|---|---|---|---|
| २१ | हालको गाउँपालिका कार्यालयको दक्षिण तिरको नयाँ भवनमा तला थप | रु.१७,६९,८९१।- | रु.४४,५००।- |
| २२ | नन्द मा.बि. देखी तारा खडकाको घरको चोक सम्म (CH-1+101 देखी CH-2+000) जोडने बाटो स्तरोन्नती | रु.१३,१४,४५६।- | रु.३२,९००।- |

**प्रमुख प्रशासकीय अधिकृत**